# कृषि ज्ञान केन्द्र, दाङ्गको प्रस्ताव आह्वान सम्वन्धी सूचना

## प्रथम पटक प्रकाशन मिति २०७६/०८/१०

कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ अनुसार कृषि ज्ञान केन्द्र, दाङ्गको आ.व. ०७६/०७७ को **कृषि विकास कार्यक्रम** अन्तर्गत देहाय वमोजिमका कार्यक्रममा सहभागी हुन ईच्छुक दाङ्ग र प्यूठान जिल्लाका उद्यमी/कृषक/कृषक समुह/समिति/कृषि सहकारी/निजी फर्म/कम्पनीहरुले अधिकतम अनुदान रकम सीमा ननाघ्ने गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन (मिति २०७६/०८/२४ गते) भित्र आवश्यक कागजातहरु संलग्न गरी यस कार्यालयमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।म्यादभित्र वा रितपूर्वक नआएका निवेदन उपर कुनै कारवाहि नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । प्रस्तावसाथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात र मापदण्ड यस कार्यालयको वेभसाईट dang.akc.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**सहभागी हुन सकिने अनुदानका कार्यक्रमहरु**

१.रैथाने बालीहरुको बजार प्रवर्द्धन कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति हेक्टर) ।
२.दलहन बाली विकास कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति हेक्टर) ।
३.तेलहन बाली विकास कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति हेक्टर) ।
४.रेशम प्रवर्द्धन कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. दश लाख प्रति प्रस्ताव) ।
५.मौरी विकास कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति प्रस्ताव) ।
६.मौरी रचन क्षेत्र विस्तार कार्यक्रम (अधिकतम अनुदान रकम सीमा प्रति विरुवा ५०% वा रु. एक सय र मौसमी वालीको विउमा ५०%) ।
७.कागती क्षेत्र विस्तार प्रोत्साहन अनुदान (तराई) (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति हेक्टर) ।
८.केरा क्षेत्र विस्तार प्रोत्साहन अनुदान (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति हेक्टर) ।
९.बगरखेती प्रवर्द्धन कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति हेक्टर) ।
१०.स्थानीय तथा उन्नत जातका आलु प्रवर्द्धन कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति हेक्टर) ।
११.मागमा आधारित व्यवसायिक कृषि विकास कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. एक लाख प्रति प्रस्ताव)।
१२.बीउ उत्पादक कृषि सहकारीलाई मूल बीउमा ५०% अनुदान सहयोग (अधिकतम अनुदान रकम सीमा मूल विउको परल मूल्यमा ५०% र ढुवानीमा १००%) ।
१३. फलफूल नर्सरी सुदृढिकरण कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. तीन लाख प्रति हेक्टर माउँ वोट) ।
१४.नविनतम प्रविधिमा आधारित साना सिंचाई कार्यक्रम (अधिकतम अनुदान रकम सीमा रु. दूई लाख पचास हजार प्रति प्रस्ताव) ।

**नोट : अन्य थप जानकारीका लागि यस केन्द्रका सहायक सूचना अधिकारी श्री फिर्तुमान चौधरी ९७५८००१९३८ संग सम्पर्क राख्नुहुन ।**

**कृषि ज्ञान केन्द्र, दाङ्ग**